# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ११** **मितिः२०७६-१२-२५**

## भागः२

## जयपृथ्वी नगरपालिका

**प्रस्तावना**

लैङ्गिक हिंसा तथा घरेलु महिला हिंसाबाट विशेष गरी महिला तथा बालबालिकाहरु पीडित / प्रभावित हुने गरेका र यसबाट उनीहरुमा शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको छ । यस्ता घरेलु हिंसा, लैङ्गिक तथा महिला हिंसावाट प्रभावित भई अलपत्र भएका प्रभाबित महिलाहरुलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन, पुनस्थापना र पारिवारिक मेलमिलाप कायम गराउने तर्फ एकिकृत र प्रभावकारीरुपमा सम्वोधन गर्न सहजीकरण गर्नुपर्ने आवश्यक देखिएकाले प्रभावित अवधिमा सुरक्षित गर्नका लागि नेपाल सरकारबाट स्वीकृत लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना सन् २०१०को उदेश्यको बुदा नं. ३, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ ले गरेको ब्यबस्था अनुसार बझाङ जिल्लाको स्थानिय तहमा घरेलु हिंसा, लैङ्गिक तथा महिला हिंसाबाट पिडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुबिधा पुर्‍याउनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा २ बमोजिम यो अल्पकालिन महिला सुरक्षित आवासगृह वा सेवा केन्द्र संचालन कार्यबिधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यबिधिको नाम **अल्पकालिन महिला सुरक्षित आवासगृह /सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यबिधि २०७६** रहेको छ।

ख) अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्र जयपृथ्वी नगरपालिकावाट स्विकृत भएपश्चात लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिको लागिः

(क) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ लाई बुझ्नुपर्दछ।

(ख) नगरपालिका भन्नाले जयपृथ्वी नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) कार्यापालिका भन्नाले जयपृथ्वी नगरपालिका कार्यापालिकालाई सम्झनु पर्दछ।

(घ) कार्यालय भन्नाले जयपृथ्वी नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ।

(**ङ**) सेवाकेन्द्र भन्नाले जयपृथ्वी नगरपालिकाद्धारा आफै तथा जिल्लाका ११ वटा स्थानिय तह संगको समन्वय र सहकार्यमा संचालन तथा ब्यवस्थापन केन्द्र सहितको) वा स्थानिय सेवा प्रदायक संस्थासँगको साझेदारी वा समन्वयमा संचालन भएको अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रलाई सम्झनुपर्दछ।

(च) हिंसा प्रभावित भन्नाले घरेलु हिंसा वा महिला हिंसामा परि घरवाट निकालीएका वा घरमा बस्न नसक्ने अवस्था भई बाहिरिएका बेसहारा भई अलपत्रमा परेका हिंसा खेपेका महिला तथा बालबालिकाहरुलाई बुझ्नुपर्दछ।

(छ) स्थानिय सेवा प्रदायक भन्नाले अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्र संचालन गर्न प्रस्ताव गरि छनौट भएको सस्थालाई सम्झनुपर्दछ।

(**ज**) सेवाकेन्द्र भन्नाले जयपृथ्वी नगरपालिका आफै वा स्थानिय सेवा प्रदायक संस्थाद्धारा नगरपालिकाको साझेदारी तथा समन्वयमा संचालन गरिएको आश्रय स्थल सहितको अल्पकालिन महिला सुरक्षितगृह/सेवा केन्द्रलाई जनाउनेछ।

## परिच्छेदः २
## उद्धेश्य र क्षेत्र

### ३. उद्धेश्य

महिलाको हितमा कार्यरत संस्थाहरुको समन्वयमा महिला हिंसाबिरुद्ध सामाजिक जागरण ल्याउनुका साथै हिंसा प्रभावित पिडित महिलाका लागि यथाशक्य उपचारात्मक तथा मनाविर्मश सेवाहरु सुलभ गराएर न्याय दिलाई पुनर्स्थापना गराउनु यस अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्रको उद्धेश्य हुनेछ। उपचारात्मक अवधिमा आवश्यक सुरक्षाका लागि हिंसा प्रभावित पिडित महिला तथा बालबालिकाहरुलाई अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा राखिनेछ।

### ४. कार्यक्षेत्र :

क) बझाङ जिल्लाको जयपृथ्वी नगरपालिका सहित ११ वटै स्थानिय तह अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्रको कार्यक्षेत्र हुनेछ।

ख) यस अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा बझा` जिल्लाका सबै स्थानिय तहहरुसँग समन्वय गरि संयुक्त रुपमा जिल्ला सदरमुकाममा रहने गरि संचालनमा ल्याइनेछ। यसका लागि जिल्लाका सबै स्थानिय तह र जिल्ला समन्वय समितिसंग समन्वय गरिनेछ।

## परिच्छेद-३
## निर्देशक सिद्धान्तहरू

**५. समग्र सिद्धान्तहरूः** तपशिलका सिद्धान्तहरुको कार्यान्वयनका लागि कानूनको कार्यान्वयन तथा उच्चसम्मान हरेक पटक गरिने छ।

**(क) सेवाको सुनिश्चितताः** सहयोग माग गर्ने हिंसा प्रभावितलाई विनाकुनै भेदभाव, समानतामा आधारमा सहयोग वा सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ।

**(ख) लैंगिक समानता तथा समता** : महिला र बालिकाहरूको अधिकारको संरक्षण एवम् सम्मानको क्षमता तथा शक्तिका आधारमा यस सिद्धान्तलाई अक्ष्युण राखिनेछ।

**(ग) जवाफदेहिता तथा उत्तरदायित्व** : सेवामा तथा कार्यक्रमका हरेक तहमा जवाफदेहिता तथा उत्तरदायित्व सुनिश्चित गरिनेछ र सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्न, सामाजिक वञ्चितीकरण, जातीय विभेद, यौनिक व्यवहार, शारीरिक सक्षमता, भौगोलिक विकटताका कारण सिमान्त बनाइएका महिलाको सहभागीता सुनिश्चित गर्नमा सचेत रहनेछ।

**(घ) व्यवसाायिकत्वः** सेवा प्रदान गर्न संलग्न सबै सेवा प्रदायक निकाय, संस्था तथा व्यक्तिहरुले उच्चतम रुपमा आचार संहिताको पालना गर्नु पर्नेछ।

**(ङ) गोपनियताः** हिंसा प्रभावित तथा सेवालिन बसेका तथा अदालत, प्रहरीमा अनुसन्भानमा रहेका हिंसा प्रभावितहरुको सुचना तथा अन्य सम्वन्धित कुरा अनावस्यक रुपमा कसैलाई दिईने तथा जानकारी गराईने छैन। यदि कसैलाई दिनु पर्ने भएका प्रभावितको तथा सम्वधित निकायको अनुमति विना दिईने छैन। तर यस वाहेक अन्य कुरा लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८ को प्रवधान तथा अनुसार हुनेछ।

**(च) सम्मानजनक व्यवहार गर्नेः** हिंसा प्रभावित पीडितको इच्छा, चाहना, अधिकार, प्रतिष्ठाको सम्मान हुने वातावरणमा कार्य सम्पादन गर्ने, प्रभावितसंग सोधपुछ वा जानकारी लिंदा संभव भएसम्म महिला तथा महिला मनोविमर्शकर्ताले नै लिने, कुनै किसिमले नहोच्याउन, प्रभावित वा निजको व्यक्तिगत व्यवहार, काम, सामाजिक आर्थिक स्थिति तथा अन्य कुनै आधारमा निज उपर कुनै पूर्वाग्रह वा आग्रह नराख्ने, कुनै प्रमाण संकलनको क्रममा हिंसा प्रभावित पीडितलाई सान्दर्भिक प्रश्न मात्र सोध्ने, प्रभावितको कुरालाई जहिले पनि ध्यान पूर्वक सुन्ने तथा कुनै किसिमको दबाव वा निजको इच्छा विपरित करकाप नगर्ने, प्रभावितको यौन सम्बन्ध वा घटनासंग असम्बन्धित तथा हिंसा प्रभावित पीडितको निजी वा व्यक्तिगत जीवनको अन्तरंग विषयको बारेमा अधिकारवाला वाहेक कसैले पनि कुनै सोधपुछ नगर्ने, प्रभावितलाई कानुनी उपचारमा जाने वा नजाने, आपसी सहमतिमा समस्याको समाधान खोज्ने वा परम्परागत प्रक्रियाबाट समाधान खोज्ने आदि जस्ता विकल्पहरू छान्न दिने, यसका लागि सबै प्रकारका समाधानका

प्रकृयाहरू र प्रक्रियाहरूसँग जोडिएका सकारात्मकर नकारात्मक दुवै पक्षको बारेमा प्रभावितलाई बुझाउने कुराहरुलाई उच्चतम रुपमा हेरिनेछ ।

## परिच्छेदः ४

## निर्देशक समिति, व्यवस्थापन संचालन समिति र यी समितिको काम, कर्तब्य र अधिकार

### ६. निर्देशन समिति :

जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा तपशिल अनुसारको सुरक्षित आवासगृह निर्देशन समितिको ब्यवस्था गरिएको छ ।

संयोजकः जिल्ला समन्वय समितिका, प्रमुख
सदस्यः जिल्ला समन्वय समितिका, उपप्रमुख
सदस्यः जयपृथ्वी नगरपालिका, नगर प्रमुख
सदस्यः जयपृथ्वी नगरपालिका, नगर उपप्रमुख
सदस्यः जिल्ला प्रशासन कार्यालय,.प्रमुख जिल्ला अधिकारी
सदस्यः जयपृथ्वी नगरपालिका, प्रमुख प्रशासकिय अधिकृत
सदस्यः जिल्ला प्रहरी कार्यालय, प्रमुख
सदस्यः जिल्ला न्यायाधिवक्ता कार्यालय, प्रमुख
सदस्यः जिल्ला बार एशोसिएशन प्रतिनिधि
सदस्यः बझा` अस्पताल प्रमुख
सदस्यः जिल्ला समन्वय समितिका १ जना महिला सदस्य, १ जना गै.स.स. हेर्ने सदस्य गरी – २ जना
सदस्यः लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि मध्येबाट - १ जना
सदस्यः महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा सहकार्य गर्ने अन्य स्थानीय तहका नगरप्रमुख तथा अध्यक्षहरु निर्देशन समितिमा पदेन सदस्य रहनेछन ।
सदस्यः जिल्ला पत्रकार महासंघका प्रतिनिधि
सदस्य सचिवः जिल्ला समन्वय अधिकारी

### ७. निर्देशक समितिको काम, कर्तब्य र अधिकारः

अल्पकालिन सेवा केन्द्र संचालनको नियमित सुपरभिजन तथा अनुगमन र मापदण्ड अनुसार संचालन तथा आवश्यक सहजीकरणका लागि निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

- सेवा केन्द्र संचालनका लागि लैङ्गिक हिंसा सम्वन्धी नीतिगत मार्गदर्शन, समन्वय र संरक्षण गर्ने ।
- सेवा केन्द्र संचालनका लागि आवश्यक श्रोत साधन, स्थान छनौट र उपयुक्त बाताबरणका लागि पहल गर्नै ।
- सेवा केन्द्र संचालनको मापदण्ड, सञ्चालन तथा व्यवस्थापन कार्यविधिले तोके बमोजिम भए नभएको हेर्ने र आवश्यक परेमा थप मापदण्ड निर्धारण गर्ने ।
- यदि नगरपालिका आफैले प्रत्यक्ष अल्पाकालिन सुरक्षित आवासगृह संचालन नगरेको अवस्थामा सेवा केन्द्र संचालनका लागि आवश्यक सेवा प्रदायक संस्था छनौट गर्ने गराउने ।

- सेवाकेन्द्र संचालन गर्नका लागि आवश्यक प्राविधिक सहयोग, क्षमता विकास तथा वित्तिय श्रोत व्यवस्थापनका लागि बाहृय सहयोगी साझेदार संस्थाहरुसँगको सहयोग परिचालन गर्न निर्णय गर्ने ।

## ८. व्यवस्थापन संचलान समिति :

जयपृथ्वी नगरपालिकाको नगर उपप्रमुखको संयोजकत्वमा तपशिल अनुसारको सुरक्षित आवासगृह व्यवस्थापन संचालन समितिको व्यवस्था गरिएको छ ।

संयोजकः जयपृथ्वी नगरपालिका, उपप्रमुख
सदस्यः जयपृथ्वी नगरपालिका सामाजिक विकास समिति, संयोजक
सदस्यः अल्पकालिन सुरक्षित आवास, टिमलिडर वा वाडेन
सदस्यः लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने सस्थाका प्रतिनिधि मध्येबाट (समन्वय निर्देशन समितिले तोकेको) महिला - २ जना
सदस्यः महिला सुरक्षित आवासगृह/सेवा केन्द्र संचालनमा सहकार्य गर्ने अन्य स्थानीय तहका नगर उपप्रमुख तथा उपाध्यक्षहरु समन्वय समितिमा पदेन सदस्य रहनेछन ।
सदस्य सचिव : नगरपालिका महिला तथा बालबालिका शाखा, प्रमुख

## ९. व्यवस्थापन संचालक समितिको काम, कर्तब्य र अधिकार :

सेवा केन्द्रको नियमित संचालन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न व्यवस्थापन संचालन समितिको काम कर्तब्य र अधिकार यस प्रकारका हुनेछन ।

- सेवा केन्द्रको नियमित संचालन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न कार्यक्रम, बजेट तथा योजना निर्माण गरी मापदण्ड अनुसार सेवा संचालनका लागि आवश्यक सहयोग, सहजीकरण र स्वीकृत गर्ने ।
- सेवा केन्द्र संचालनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।
- मासिक रुपमा समिक्षा बैठक बसी लैङ्गिक हिंसाको पीडितको व्यवस्थापन योजना बनाई कार्यान्वय नगर्ने ।
- असामान्य अवस्थाको लैङ्गिक हिंसाको घटना आएपछि बैठक बसी व्यवस्थापन योजना बनाउने ।
- छुट्टै पुस्तिका राखी निर्देशन संचालन समितिले गरेका निर्णय र सिफारीस अभिलेख गर्ने ।
- पुनर्स्थापना, कानूनी उपचार र थप उपचारका लागि अस्पतालमा प्रेषण गर्ने । असामान्य, जटिल प्रकृतिको घटना भएको अवस्थामा निर्देशन समितिमा पेश गर्ने तर आकस्मिक अवस्थामा प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गरी जति सक्दो चाडो निर्णयमा पुग्ने ।
- हिंसा पीडित वा प्रभावितहरुको मामलामा छलफल गरी मेलमिलाप गराउने, पुनर्स्थापना गर्नुपर्ने वा अदालत पठाउनु पर्ने मध्ये के हो सो निर्णय गर्ने र उक्त निर्णय कार्यान्वयन गर्ने ।
- हिंसा प्रभावितलाई पुनस्थापना अन्तर्गत जीविकोपार्जनका लागि वीऊ पुजी, सीपमुलक तालिम, बालबालिका लागि शिक्षा, व्यवसायिक तालिम, तालिम अवधिभरका लागि खाना बस्न लाग्ने खर्च व्यवस्थापन गर्ने ।

जयपृथ्वी राजपत्र

- प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा सम्वन्धी प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण गर्ने, सामुदायिक रेडियोबाट जानकारीमुलक सन्देश प्रशारण गर्ने, गैसस तथा सामुदायिक संस्थाहरुको सहकार्यमा महिला हिंसा तथा लैङ्गिक हिंसा सम्वन्धी प्रतिरोधात्मक कार्यक्रम संचालन गर्ने वा सहभागि हुने ।
- सेवा केन्द्र संचालनमा रहेका कर्मचारी टिमको वा सेवा केन्द्र संचालन गरि रहेको सेवा प्रदायक संस्थाको नियमित कार्यको सुपरभिजन तथा अनुगमन गर्ने ।
- मापदण्डले तोके अनुसार सेवा केन्द्र संचालन भए नभएको हेरी सो अनुरुप गर्न लगाउने ।
- सेवाकेन्द्रलाई संचालननमा आवश्यक परामर्श र प्राबिधिक सहयोग पुर्याउने ।
- सेवाकेन्द्र संचालनमा भएको कार्यक्रमको प्रगती, खर्च रकम तथा सोको स्वीकृत गर्ने ।
- सेवा केन्द्र संचालन र व्यवस्थापनमा आएका समस्याहरुको सम्वोदन गर्न आवश्यक सहजीकरण गर्ने ।
- सेवा केन्द्रको प्रगति, खर्च विवरण र सुधार लगायतका आवश्यक कार्य बिबरण निर्देशन समितिलाई जानकारी गराउने ।
- सेवाकेन्द्र संचालन गर्न थप आवश्यक प्राविधिक सहयोग, क्षमता विकास तथा वित्तिय श्रोत व्यवस्थापनका लागि बाहृय सहयोगी साझेदार संस्थाहरुसँग सम्झौता गरी श्रोत परिचालन गर्ने ।
- सेवाकेन्द्र संचालनका लागि आवश्यक कार्यक्रम र श्रोत व्यवस्थापनका लागि निर्देशन समितिमा पठाउने ।

## परिच्छेदः ५
## महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको कार्य जिम्मेवारी

**१०. कार्य जिम्मेवारी :**
अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको वा सेवा संचालन गर्ने सेवा प्रदायक संस्थाले निभाउने कार्य जिम्मेवारी देहाय बमोजिमका हुनेछन:
क) निर्धारित प्रक्रियावाट हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि स्विकृत मापदण्ड मुताबिकको खाने बस्ने ब्यवस्था सहितको अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्र संचालन गर्ने ।
ख) उपदफा (क) बमोजिम आश्रित हिंसा प्रभावित महिलाको अवस्था अनुसार निजलाई निम्न लिखित सेवाहरु प्रदान गर्ने ।

- हिंसा प्रभावित महिला तथा बालबालिकाको उद्धार र पुनस्थापना,
- हिंसा प्रभावितलाई आवास, खानेकुरा र लुगाफाटोको व्यवस्था,
- लागेको चोटपटकको औषधी उपचार,
- मनोसामाजिक परामर्श सेवा,
- न्याँयमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,

- कानुनमा कार्यान्वयन गर्ने निकायहरुसंग सम्पर्क,
- हिंसा प्रभावितलाई पुनस्थापना अर्न्तगत जीविकोपार्जनका लागि सीपमुलक तालिम, क्षमता विकास, वीऊ पुजी र प्रविधि हस्तान्तरण, बालबालिका लागि शिक्षा, व्यवसायिक तालिम, तालिम अवधिभरका लागि खाना बस्न लाग्ने खर्च व्यवस्थापन गर्ने ।
- निर्देशन तथा व्यवस्थापन संचालक समितिले तोकेका अन्य सेवाहरु
- हिंसा प्रभावित महिलाको अवस्था अनुसार थप सहयोगका लागि अन्य सेवा प्रदायक र साझेदार संघ संस्थाहरुसँग समन्वय गरी प्रेषण गर्ने ।

ग) गम्भीर प्रकृति तथा फौजदारी प्रकृतिको घटना भएको अवस्थामा वा पारिवारिक मेलमिलापको पहल ब्यर्थ भएको खण्डमा हिंसा प्रभाबित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार दफा १० को उप दफा ख बमोजिमका सेवा प्रदान गर्ने ।

घ) हिंसा प्रभाबित महिलालाई अल्पकालित महिला सुरक्षित आवासगृह/सेवा केन्द्र आवश्यक नपर्ने तर दफा १० को उपदफा ख मा उल्लेखित सेवाको आवश्यकता परे निर्धारित प्रक्रियावाट आवश्यक सेवा दिन सकिने ।

ङ) सेवा प्राप्त हिंसा प्रभावित महिलालाई हकभोग, पारिवारिक पुर्नमिलन, बैकल्पिक पुर्नःस्थापनाका लागि सम्प्रेषकलाई समन्वय गरी फिर्ता गर्ने ।

च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भई थप मनोसामाजिक मनोबिमर्श आवश्यक परेमा, कानुनी उपचार चाहेमा उक्त सेवा प्रदान गर्न सकिने छ ।

छ) हिंसा प्रभावित महिलालाई सम्प्रेषक कहाँ फिर्ता पठाएपछि निजको अवस्थाअनुसार पारिवारिक पुर्नःमिलन गराई हकभोग दिलाउने तथा घटनाको पुर्नबृत्ति नहोस भनि निगरानी, अनुगमन लगायत यथाशक्य सहजीकरण गर्ने ।

ज) स्थानीय तहहरु र अन्य संघ संस्थाहरुसंग निरन्तर सम्पर्क समन्वय गर्ने ।

झ) हिंसा प्रभावित महिलाको बिभिन्न सेवामा पहुँच पुराउन स्थानीय सेवाप्रदायक माझ अधिबाचन, समन्वय एवं सहकार्य गर्ने ।

ञ) सरोकारवाला निकायहरु, महिला संस्था/समितिहरुको समन्वय वा सहकार्यमा बिभिन्न कार्यक्रमका माध्यमबाट महिला तथा घरेलु हिंसा र ज्यादाती बिरोधी सामाजिक अभियान संचालन गरी जागरुपता बढाउने ।

ट) सेवा केन्द्र व्यवस्थापनका जनशक्तिले सेवाकेन्द्रको मासिक, त्रैमासिक, चौमासिक र बार्षिक भौतिक, प्रगती एवं बित्तिय प्रगति प्रतिवेदन तयार गरि व्यवस्थापन संचालन समिति पेश गर्ने र व्यवस्थापन संचालन समितिले सोको समिक्षा गरी सुधारका लागि सुझाव सहित स्वीकृत गर्ने ।

ठ) महिला तथा घरेलु हिंसाको रोकथामका लागि घटना घटि हालेको खण्डमा छिमेकी र समुदायका अगुवाले हिंसा प्रभाबित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

ड) प्रचलित कानून बमोजिम न्याय प्राप्त गर्ने शिलसिलामा तत्काल गर्नूपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे हिंसा प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकता अनुसार त्यसमा मद्धत गर्ने ।

ढ) पारिवारिक पुर्नमिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केहि पनि नभएको हिंसा प्रभावित महिलाका हकमा जिविकोपार्जन अनुदानको रुपमा सीपमुलक तालिम, आयआर्जन गर्न बीऊ पूजी तथा आर्थिक सहायता उपलब्ध गराउने, पहल गर्ने ।
ण) सेवा केन्द्रको उद्बेश्य प्राप्ति तथा सोको शिलसिलामा आवश्यक भएमा नगरपालिका वा समन्वय निर्देशन समितिले तोकेका अन्य कार्य गर्ने ।

## ११. सेवा लिने प्रक्रियाः

(क) हिंसा प्रभावित महिलाको मौखिक वा लिखित निवेदन ।

(ख) सेवाक्षेत्र भित्रका वडा कार्यालय, नगरपालिका/गाउँपालिका, स्वास्थ्य चौकी, अस्पताल, प्रहरी कार्यालय, अदालत, प्रशासन तथा सरकारी नियकायको तर्फबाट भई आएको सिफारिस ।

(ग) खण्ड ख मा उल्लेखित समिति, संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग समन्वयमा कार्य गर्ने सामुदायिक संस्थाको सिफारिस ।

(घ) बिभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको सिरफारिस ।

सम्प्रेषकको तर्फबाट सेवाकेन्द्रमा सिफारिस गर्दा कुन कुन सेवाका लागि हो जनाउनु पर्दछ र हिंसा प्रभाबित महिला सँगै बालबालिका पनि भए उनीहरुको बिबरण समेत खुलाउनु पर्दछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा हिंसा प्रभावित महिलालाई एक्लै पठाउनु हुँदैन । सामान्यतया १ जना र गम्भीर चोटपटक लागेको भए दुइ जनासम्म साथमा पठाउनु पर्दछ । साथै साथी दिई पठाएका ब्यक्तिको बिबरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्दछ ।

## १२. अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा आश्रय दिन सकिने अवधीः

अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा हिंसा प्रभावितलाई देहायको अवधि सम्म राख्न सकिनेछ ।

- हिंसा प्रभावित महिलाका हकमा सेवा केन्द्र अर्न्तगत ३० दिन सम्म र बिशेष अवस्थामा निर्देशन समितिको निर्णय गरेको अवश्थामा थप १५ दिन गरि जम्मा ४५ दिन सुरक्षित अल्पकालिन आश्रयमा राख्न सकिनेछ ।
- अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको आश्रयमा हिंसा प्रभाबित महिलालाई माथि उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक पटक गरेर पनि राख्न सकिनेछ ।
- प्रभावित महिलाको साथमा आएका ब्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक पटक गरेर ७ दिनसम्म अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।
- उपर्युक्त अनुसार अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिन जति कटाउन सकिनेछ ।

## परिच्छेदः ६

# सेवा केन्द्रको सेवा र सेवाप्रवाह मापदण्ड

## १३. महिला सुरक्षित आवासगृह/आश्रय सेवा केन्द्रको न्युनतम मापदण्डः

हिंसा प्रभावित महिलाका लागि आपतकालिन सेवा संचालन गर्नका लागि आश्रय सेवा केन्द्रको मापदण्ड देहाय बमोजिम हुनेछ ।

**(क) परिसरः** आवास गृह परिसर देहाय बमोजिम हुनुपर्दछ :

- घेरापर्खालको ब्यवस्था भएको
- खुला प्रशस्त ठाउँ भएको
- आवागमन नियन्त्रण गर्न सकिने गरि निर्माण गरिएको प्रबेशद्वार
- सुरक्षाका दृष्टिकोणले उपयुक्त स्थान

**(ख) आवास गृहः** हिंसा प्रभावितहरुलाई व्यवस्थित सेवा प्रवाह गर्न संचालित अल्पकालिन महिला सुरक्षित आवासगृह/केन्द्रमा हिंसा प्रभावितहरुको लागि आवासको व्यवस्था गरिने छ । यस आवास गृह देहायका सुबिधा सम्पन्न हुनुपर्दछ ।

- दुबैपट्टि झ्याल भएको
- एकजना भए प्रति ब्यक्ति ६४ बर्गफिट र २ वा २ भन्दा बढि भए प्रतिब्यक्ति ५० बर्गफिट को कोठाको क्षेत्रफल
- प्रत्येकका लागि छुट्टा छुट्टै खाट
- हिंसा प्रभावित बालबालिका लागि अलग्गै बालमैत्री कोठाको व्यवस्था भएको ।
- भुइँमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room);
- शौचालय तथा स्नान कक्ष, स्रोत हेरी पर्याप्त पानी; नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;
- टेलिभिजन तथा मनोरञ्जन सामाग्री
- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा ।

**(ग) लुगाफाटोः** सेवा लिन बसेका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;
- एक-एक जोर चप्पल र लुगाफाटो नभएकालाई एकसरो लगाउने लुगा ।

स्थानीय राजपत्र

**(घ) खानेकुराः** दैनिक खानेकुराको व्यवस्था समन्वय निर्देशन समितिले तोकेबमोजिम सेवा केन्द्रभित्रको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा;
- दिउँसो खाना;
- अपरान्ह पूर्ण खाजासँगै चिया;
- बेलुकी खाना;
- लामो समय (एक हप्ता भन्दा बढी) मांसाहारीका लागि सातामा दुई पल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

**(`) स्वास्थ्य उपचार :** समन्वय निर्देशन समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका हिंसा प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ। स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस;
- समस्या हेरी नियमित उपचार;
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप ।

**(ङ) मनोसामाजिक विमर्शः** समन्वय निर्देशन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका मनोसामाजिक विमर्शकर्ता (Psychosocial counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछः

- सेवालिन वसेका व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(च) कानुनी सेवाः** देहायमा उल्लिखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- **प्रभावितले** न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(छ) सञ्चालनः** आवास गृहको सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछः

- हिंसा प्रभावित महिलालाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;
- हिंसा प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्ष भन्दा भित्र पस्ने र बस्ने अनुमति प्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- निर्देशन संचालन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

स्थानीय राजपत्र

**(ज) जनशक्तिः आवास गृहमा** महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको पूरै प्रशिक्षित र अनुभवी जनशक्ति हुनेछ :

- केन्द्र प्रमुख एक जना, वाडेन एक जना, मनोसामाजिक विमर्शकर्ता कम्तिमा १ जना, चौकीदार एक जना, भान्से १ जना र आंशिक समये सरसफाइकर्मी आवश्यकता अनुसार र कानुनी सल्लाहकार भनेका बेला उपलव्ध हुने गरी सम्पर्कमा राख्नु पर्ने छ । यस अन्तरगत रहने जनशक्तिको कार्य विवरण अनुसुचि अनुसार हुनेछ ।

**(झ) अभिलेखः** आवास गृहमा देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- हिंसा प्रभावित महिलाको निवेदन रेकर्ड फाइल
- हिंसा प्रभावित महिलाको नाम दर्ता किताव;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव;
- हिंसा प्रभावित व्यक्तिहरुसँग सेवा लिन आउदा उनीसँग भएको सामानको लगत तथा सुरक्षणका लागि दुई पक्षको लिखत कागज, यदि प्रभावित लेखपढ गर्न नसक्ने भएमा प्रभावितको पहिचानको व्यक्तिको उपस्थिति सहित विवरण खुल्ने गरि लिखत तथा तस्विर ।
- हिंसा प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र समन्वय निर्देशन समितिले तोकेको अन्य अभिलेख ।
- दोहोरो लेखा प्रणालीमा आवास गृह/सेवा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात; कार्य प्रगति प्रतिवेदन (मासिक, त्रैमासिक, चौमासिक र बार्षिक)
- समन्वय निर्देशन समिति र निर्देशन संचालन समितिको निर्णय किताव;

## परिच्छेदः ७
## सेवा केन्द्रको खर्च मानक र भुक्तानी

**१४. कार्यविधिका क्षेत्र तथा खर्च (सहयोग) मानकः**

सेवा केन्द्रबाट सेवा प्रदान गर्दा स्थानीय तहले विनियोजन बजेट र स्थानीय तहसँग भएको विभिन्न सहयोगका क्षेत्रहरुको पहिचान, समन्वय, साझेदारीसँग परियोजना तथा उपलव्धताका आधारमा देहाय बमोजिमको सिमाभित्र रहेर खर्च गर्नु पर्दछ ।

**१४.१ घर भाडाः** महिला सुरक्षित आवासगृह/सेवा केन्द्रका आश्रयका संचालनका आफ्नो भवन नभएमा भाडा संचालन गर्न सकिने छ र भाडा लागी लिने घर भाडा बाफत साधारणतया रु २ लाख ननाघने गरी समन्वय निर्देशन समितिले घर हेरी स्वीकृत गरेको रकम ।

**१४.२ माल सामानः** डसना, पर्दा, खाट, बिस्तरा, भाडाकुडी, टेलिभिजन, खातापाता, लगायतका स्थापनाका लागी आवश्यक खप्ने माल सामान मध्य हाल फेर्नु वा थप गर्नुपर्ने । भए शैयया क्षमता समेतको बिचार

गरी साधारणतया शुरुवात रु १ लाख ननाघने यरी निर्देशन संचालन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम ।

**१४.३. लुगाफाटो**

(क) हिंसा प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोले लुगलुग काम्ने अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने धोती, चोलो, चप्पल-जुत्ता, पछ्यौरा, स्वीटर, ओडने लगायतका लुगाफाटो किन्न प्रतिव्यक्ति खास गरि यस स्थानको चालचलन अनुसार एक पटकलाई वढीमा रु १५००।०० सम्मको अति आवस्यक लुगाकपडा किन्न सकिने छ ।

(ख) हिंसा प्रभावित महिलासंग स-साना नानीहरु भएको खण्डमा जनही मौषम अनुसार आवस्यक लुगाकपडा रु १०००।०० मा नवडाई खर्च गर्न सकिने छ । यी सबैको फटवारी दुरुस्त राखी समितिमा पेश गर्नु पर्नेछ ।

**१४.४. खाना**

(क) दैनिक खानेकुराको व्यवस्था तोकेबमोजिम आवासगृह/सेवा केन्द्रभित्रबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछः

- बिहानको चियासँग हल्का खाजा,
- विहानको खाना ,
- अपरान्ह पूर्ण खाजासँगै चिया,
- बेलुकी खाना,
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

(ख) प्रति व्यक्ति दैनिक रु ४०० वराबरको खाना उपलब्ध गराईने छ । कुरुवाको हकमा अल्पकालिन महिला सुरक्षित आवास गृहमा प्रभावित व्यक्ति भएको खण्डमा मात्र खाना उपलब्ध गराईने छ । यस्तो खाना खादा प्रभावीत सरह र मितव्ययीताको सिद्धान्तलाई आत्मसाथ गर्नु पर्नेछ ।

(ग) दुधेवालकको हकमा गुणस्तरीय व्राण्डको पोशिलो खाने कुरा उपलब्ध गराईनेछ र स्थानीयस्तरको परमपारिक खानेकुरा जस्तैः लिटो वनाई स्थानीय स्तरका पोषणयुक्त खानेकुरालाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) फुट्करः अल्पकालिन आश्रयमा रहेको दिन जति प्रभाबित महिलालै मात्र फुट्कर खर्च बापत प्रतिब्याक्ती दैनिक रु २५ ।

**१४.५. औषधोपचारः** समन्वय निर्देशन समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (बिरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्चः

- प्राथमिक औषधोपचारको हकमा हिंसा प्रभावित महिलालाई लागेको चोटपटकको तत्काल प्राथमिक उपचार गर्न प्रतिव्यक्ति रु. ५०० सम्म लागेको यथार्थ खर्च व्यहोरिने छ ।
- अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. ५,००० सम्म;

राजपत्र

- अस्पतालमै भर्ना भई उपचार गराउँदा, पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ४०० गरी जम्मा रु. ७,५०० सम्म;
- बिशेष अवस्थामा समन्वय निर्देशक समितिले बिशेष निर्णय गरेमा थप रु ५००० सम्म ।

**१४.६. कानुनी उपचारः** एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत साथीसमेतको जोडेरे निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्चः

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,००० सम्म;
- विशेष अवस्थामा समन्वय निर्देशन समितिले विशेष निर्णय गरेकोमा थप रु. ३,००० सम्म;
- फिर्ता सम्प्रेषणः फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३०० दिईनेछ ।

**१४.७. मनोसामाजिक विमर्शः**
हिंसा प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श सेवा मनोसामाजिक विमर्शाकर्तावाट आवशयकता अनुसार निशुल्क अनिवार्य रुपमा सेवा प्रदान गरिनेछ ।

**१४.८ फिर्ता सम्प्रेषणः** फिर्ता सम्प्रेषण गर्दा साथै समेतको मितब्ययी सवारी साधनको भाडा तथा एकै दिन पुग्नेमा खाजा खर्च बापत प्रतिब्यात्ती १५० र बास बस्न परेमा बस्ने खाने खर्च बापत प्रतिब्यात्ती दैनिक रु ४०० ।

**१४.९. बैठक खर्चः** समन्वय निर्देशन समिति र निर्देशन संचालन समितिको बैठक सञ्चालन तथा खाजा खर्चबापत अधिकतम प्रति व्यक्ति रु १५० खर्च गर्न सकिने छ ।

**१४.१०. जीविकोपार्जन अनुदानः** जीविकोपार्जन अनुदानबापत प्रति व्यक्ति वा परिवार वढीमा र समन्वय निर्देशक समितिको सल्लाह अनुसार रु. २५ हजार ननाघ्ने गरी नगरपालिकाको बार्षिक विनियोजित बजेट र अन्य स्थानीय तह तथा साभेदारको परियोजनालाई मध्ये नजर गरि समन्वय निर्देशन समितिले उपलब्ध स्रोतसमेतको विचार गरी सहयोग प्रदान गर्ने सक्ने छ ।

**१४.११ ब्यावस्थापन खर्चः** जनशक्ति (गार्ड तथा भान्सेको मासिक पारिश्रमिक रु.१३,५००, वाडेनको मासिक पारिश्रमिक रु. २०,०००, मनोविमर्शकर्ताको मासिक पारिश्रमिक रु. २०,०००, सुरक्षित आवास प्रमुखको मासिक रु. २५,०००), संचार टेलिफोन, इन्टरनेट, स्टेशनरी, विजुली, पानी, प्रतिबेदन, टि.भी. चार्जर, ग्याँस, सरसफाईका सामग्रीहरु, सुरक्षित आवासगृहको प्रगती समिक्षा, समिक्षा र सेवा केन्द्रका

गतिबिधि समेतको खर्च बापतका लागी रु १२ लाख नानघने पुष्ट्याईका आधारमा औचित्य समेत हेरी निर्देशक समितिले स्वीकृत गरेको एकमुष्ट रकम ।

**१५. प्रभावित सेवा केन्द्रमा रहन सक्ने अवधिः**

हिंसा प्रभावित महिलाका हकमा देहायको अवधिसम्म मात्र महिला सुरक्षित आवासगृह/सेवा केन्द्रमा आश्रयका लागि राख्न सकिनेछः

महिला सुरक्षित आवास गृह अन्तर्गत ३० दिनसम्म र विशेष अवस्था परी समन्वय निर्देशन समितिले विशेष निर्णय गरेकोमा थप १५ दिनसम्म । तर विमारी उपचारको लागि अस्पताल बसेको खण्डमा यो दिन गणना हुने छैन ।

**१६. बैंक खाता संचालन**

अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र संचालन तथा व्यवस्थापन गर्न छुट्टै बैंक खाता खोली संचालन गरिनेछ । यस खाताको अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र व्यवस्थापन संचालक समितिका सदस्य सचिव (नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख) र महिला सुरक्षित आवासगृहका प्रमुख वा वाडेन मध्यको एक जना गरी दुई जनाको संयुक्त दस्तखतबाट बैंक खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिने छ । हिसाव किताबको सम्पुर्ण जिम्मेवारी महिला सुरक्षित आवासगृहका प्रमुखको जिम्मेवारी र दायित्व हुने छ ।

**१७. छाप**

महिला सुरक्षित आवासगृह/सेवाकेन्द्रको छाप वृत्तकार भित्र माथिल्लो बाहिरीको भागमा महिला सुरक्षित आवासगृहको नाम लेखिएको हुनेछ भने सोही अनुसार तल्लोपट्टिको बाहिरी भागमा जयपृथ्वी नगरपालिका, बझाङ र बीच भागमा स्थापना मिति २०७६ राखिएको हुनेछ ।

जयपृथ्वी राजपत्र

## अनुसूचि १

## सेवा प्रदायक संस्था र स्थानीय तह वीच गर्ने सम्झौता

अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र संचालन गराउने सम्वन्धमा जयपृथ्वी न.पा. र सेवा संचालन ................................. संस्था बीचको

### सम्झौता पत्र

जयपृथ्वी नगरपालिका (प्रथम पक्ष) र ...............................................................संस्था (यस पछि दोस्रो पक्ष भनिएको ) बीच समन्वय निर्देशन समिति रेखदेख र निर्देशन संचालन समितिको मार्गदर्शनमा घरेलु तथा महिला हिंसाबाट प्रभावित महिलाका लागी महिला संस्थाहरुको समन्वयमा सुरक्षित आवास गृह सहित ....................मा अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) स्थापना तथा सञ्चालन गर्ने , गराउने सम्बन्धमा तपशिलका शर्तहरु एक आपसमा पालना गर्ने यो सम्झौता पत्रमा सहीछाप गरी एक एक प्रति बुझी लियौ दियौं ।

### तपसिल

१) संस्थाले समन्वय समितिबाट तय भएबमोजिम .......संस्थाको अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र (सेफ हाउस) को सुविधा समेत घरेलु तथा महिला हिंसाबाट प्रभावित महिलाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहुचका लागी आवस्यक सहयोग गर्ने र समुदाय स्तरका सेवा केन्द्रहरुसँग समन्वय गरि सामाजिक जागरण, पारिवारिक पुनर मिलन एवं पुनर स्थापनका कार्यहरुमा सहजिकरण गर्ने अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) संचालन गर्ने छ ।

२) बुदा (१) मा उल्लेखित कार्यका सिलसिलामा प्रभावित महिलाले प्राप्त गर्नु पर्ने सेवाका न्युतम मापदण्ड खर्चका मानक एवं संस्थाको उत्तर दायित्व लगाएतका अन्य कुरा अनुसुचीमा दिएको कार्यक्षेत्रगत शर्त बमोजिम हुनेछ जुन यो पत्र को अभिन्न अंग मानिनेछ ।

३) बुदा (१) मा उल्लेखित सबै प्रकारका सेवाहरु प्रभावित महिलाका हकमा निशुल्क हुनेछन ।

४) बुदा (१) मा उल्लेखित कार्यहरु सम्पादक गर्दा सस्थाले प्रभावित महिलालाइकोअधिकारको उच्चतम सम्मान गर्नछ तथा बुदा २ मा उल्लेखित कार्य क्षेत्रगत शर्तमा निर्धारित गृह परिसरको सुरक्षा लगायतका न्यूनतम मापदण्डहरुको पूर्व पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरुको स्थापना कर्मचारि, कामदारको प्रशिक्षण आचार सहिताको निर्धारण, आन्तरिक सुपरिवेक्षण र गुनासो सुनुवाईको समुचित ब्यवस्था मिलाइनेछ ।

५) सस्थाले प्रत्येक आ.व.को असार मसान्तसम्म अविच्छिन्न रुपमा बुदा (१) मा उल्लेखित सेवाहरु संचालन गर्नेछ ।

६) बुंदा (५) मा उल्लेखित अवधि सम्म बुंदा (१) मा उल्लेखित सेवाहरु संचालन गर्ने संस्थालाई निर्देशन समितिको निर्णय आधारमा देहाय बमोजिम कार्यक्रम अनुदान प्रदान गर्नेछ ।

(क) खप्ने मालसमान बापतको रु................ सुरु मा एकमुष्ट ।

(ख) घरभाडा बापतको जम्मा रु. .................... मा महिनावारी रु. ..............का दरले महिना व्यतित भएपछि ।

(ग) व्यवस्थापन खर्च वाफतको जम्मा रु................मा महिनावारी रु ................का दरले महिनाको सुरु मै ।

(घ) निर्देशन समितिको बैठक संञ्चालन खर्च बाफतको जम्मा रु. ............मा चौमासिक रु ............का दरले चौमासिक भित्र

(ङ) सेवा सञ्चालनको प्रयोजनाका लागी एक महिनाको ब्यवस्थापनको खर्च बराबरीको रकम सुरु मै ।

(च) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछी शोधभर्नाा स्वरुप

७. बुंदा (६) को उपदफा (च) बमोजिम शोधभर्ना माग गर्दा संस्थाले स्थानिय समन्वय समितिबाट भए बमोजिम स्थानियले तोकेको ढाँचामा मासिक प्रगति खर्चको फाँटबारी सम्प्रेषण एवँ फिर्ता सम्प्रेषणको मिति, अवधि, स्थान खुलेको सम्बन्धित प्रभावित महिलाको हस्ताक्षर सहितको नामावली लगाएतका खर्च पुष्टि गर्ने कागजतको नक्कल पेस गर्नुपर्नछ ।

८.बुदा (६) को उपदफा (ङ) बमोजिम सेवा सञ्चालनको प्रयोजनार्थ सस्थालाई प्रदत्त रकम सस्थालाई प्रदान गर्नु पर्ने अन्तिम महिनाको व्यवस्थापन खर्च वापतको रकमबाट कट्टा गरी फछयौट गरिनेछ।

९. सस्थाले सम्प्रेषणको क्रममा वा संरक्षणमा रहुन्जेल समन्वय समितिले तय बमोजिम स्थानियले तोकेको प्रकृतिको स्वास्थ्य उपचार गराउनु पर्न प्रभावित महिलाको हकमा त्यसै गरी तोकिएको अस्पताल वा स्वास्थ्य केन्द्रबाट सोको समुचित व्यस्थापन।

१०. सस्थाले यो सम्झौता -पत्र बमोजिम कार्यसम्पादन गार्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पृष्टी गर्ने कागजातका सबै सम्बन्धित प्रभावित महिलाको नाम दर्ता किताब लगायत प्रदत्त सेवाहरुको सम्पुर्ण विवरण खुल्ने गरी ठीक, दुरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ । जिल्ला समन्वय समिति वा स्थानिय तहले मागेका बखत उपलब्ध गराउनेछ ।

११. वुंदा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित प्रभावित महिलाको ब्याक्तिगत एवं संवेदनशील विवरणको गोपनियता कायम राख्नेछ ।

१२. समन्वय समिति वा स्थानिय तहले यो सम्झौता- पत्र बमोजिम संस्थाले सम्पादन गरेका कार्यहरुको सम्बन्धमा यथार्थ स्थिति बुझ्न जुनसुकै बेला जिल्ला सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्र अन्तर्गतको अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) परिसर लगाएतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं सम्बन्धित प्रभावित महिलाको प्रतिक्रिया बुझ्न तथा सुधार गर्नु पर्न कुरामा सुधार गर्न सुझाव दिन सक्नेछ ।

१३. यो सम्झौता - पत्रको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बुंदा (७) बमोजिम पेस गर्नुपर्न विवरण वा कागजात पेस नगरेको वा झुटो विवरण वा कागजात पेस गरेको वा बुदा (१२) बमोजिम स्थलगत निरीक्षण गर्दा यो सम्झौता - पत्र बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेको देखिएको वा दिइएको मुनासिव सुझावको कार्यन्वयन नगरेको देखिएको वा दिइएको मुनासिव सुझावको कार्यान्वयन नगरेको खण्डमा स्थानिय तहले संस्थालाई दिनुपर्न शोधभर्ना वा अन्य कुनै रकम तत्काल रोक्का राखी स्थानिय समन्वय समितिको निर्णयानुसार त्यस्तो शर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ ।

१४. यो सम्झौता पत्र प्रत्येक आ.व.को ...............असार मसान्त सम्म मान्य हुनेछ ।

१५ बुंदा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समन्वय समितिको तर्फबाट सम्पन्न छानबिन पछि संस्थाले बुंदा (२) मा उल्लेखित कार्य क्षेत्रगत शर्तका गम्भीर उल्लङ्घन गरेको पाइएमा समन्वयमा समितिको निर्णयले स्थानीय तहले कुनै पनि बेला यो सम्झौता पत्र रद्ध गर्न सक्नेछ ।

१६.उल्लेखित सम्झौता पत्रको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आवश्यकता अनुसार स्थानिय समन्वय समितिको संयोजनमा दुबै पक्षको आपसी सहमतिबाट त्यस्तो विवादको निरुपण गरिनेछ ।

१७.बुंदा (१६) बमोजिम विवादको निरुपण हुन नसकेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

इति सम्वत्................साल........ महिना ..........गते रोज ..........शुभम् ।

| | |
|---|---|
| संस्थाको तर्फबाट | स्थानिय तहको तर्फबाट |
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| पद : | पद : |
| साक्षी | साक्षी |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगन : | ठेगन : |

**अनुसुची २**

१. अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र (सेफ हाउस) हिंसा प्रभावितको विवरण
२. प्रभावितलाई बुझ्रेर लगेको विवरण
३. दैनिक हाजिरी सहभागी र कर्मचारी अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस)
४. दैनिक खर्च विवरण
५. समन्वय निर्देशन समिति र निर्देशन संचालन समितिबाट हुने अनुगमन फारम

आज्ञाले
**मंगल बहादुर शाही**
प्रमुख प्रशासकीय अधिकृत
जयपृथ्वी नगरपालिका, बझाङ्ग

जयपृथ्वी राजपत्र